**अनुसूची- २**

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)


# भजनी नगरपालिका , कैलाली

# स्थानीय राजपत्र

खण्ड : १०　　संख्या : ४　　प्रमाणिकरण मितिः२०८३/०६/२२　　प्रकाशन मितिः२०८३/०६/२२


## भाग-२

## भजनी नगरपालिकाको नगर प्रहरी व्यवस्थापन कार्यविधि, २०८२

**प्रस्तावना:**

भजनी नगरपालिका, नगर प्रहरी (व्यवस्थापन) ऐन, २०८० लाई प्रभावकारी रूपमा कार्यान्वयन गरी नगर प्रहरीको भर्ना तथा सञ्चालन प्रक्रियालाई थप व्यवस्थित गर्न वाञ्छनीय भएकाले,

भजनी नगरपालिका नगर प्रहरी (व्यवस्थापन) ऐन, २०८० को दफा ३० बमोजिम नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

### परिच्छेद–१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो कार्यविधिको नाम "भजनी नगरपालिकाको नगर प्रहरी व्यवस्थापन कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

२.परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "ऐन" भन्नाले भजनी नगरपालिकाको नगर प्रहरी (व्यवस्थापन) ऐन, २०८० सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले भजनी नगरपालिका नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "नगर प्रहरी" भन्नाले ऐनको दफा ३ उपदफा (१) बमोजिम नगर प्रहरी सहायक निरीक्षक, नगर प्रहरी हवल्दार र नगर प्रहरी जवान सम्झनु पर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भजनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ। र सो शव्दले सो काम गर्न तोकिएको व्यक्तिलाई समेत जनाउछ ।

(ङ) "समिति" भन्नाले ऐनको दफा ७ बमोजिम नगर प्रहरी पदपूर्ति समिति सम्झनु पर्छ ।

### परिच्छेद–२
### नगर प्रहरीको योग्यता

३. शैक्षिक योग्यता निर्धारण : (१) नगर प्रहरी पदका लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता ऐनको दफा ९ बमोजिम हुनेछ ।

### परिच्छेद–३
### उम्मेदवार छनोट सम्बन्धी व्यवस्था

४. उम्मेदवार छनोट गर्ने तरिका : (१) नगर प्रहरी सेवाको रिक्त पदमा पदपूर्तिका लागि उपयुक्त उम्मेदवारको छनोट गर्दा पदको कार्य प्रकृति अनुसार समितिले देहायको कुनै एक वा एक भन्दा बढी/तरिका अपनाउन सक्नेछ ।

(क) शारीरिक तन्दुरुस्ती तथा स्वास्थ्य परीक्षण (प्रारम्भिक स्वास्थ्य परीक्षण, शारीरिक तन्दुरुस्ती र विस्तृत स्वास्थ्य परीक्षण)

(ख) लिखित परीक्षा

(ग) अन्तर्वार्ता

(२) समितिले नगर प्रहरीको रिक्त पदपूर्ति गर्न उपदफा (१) बमोजिमका परीक्षा सञ्चालनका लागि नेपाल प्रहरी वा सशत्र प्रहरी वल नेपाल वा नेपाली सेनाको सहयोग लिन सक्नेछ ।

५. **पाठ्यक्रम र परीक्षा विधि** : (१) नगर प्रहरी पदको पदपूर्ति गर्नका लागि दफा ४ बमोजिमका तरिकाको परीक्षाको मापदण्ड, आधार, पाठ्यक्रम, अंकभार, उत्तीर्णाङ्क सम्बन्धी व्यवस्था अनुसूची–१ बमोजिम हुनेछ ।

(२) दफा १ बमोजिमको व्यवस्था अनुसार पदपूर्तिको कार्यतालिका समितिले बनाउने छ ।

६. **पद संख्या निर्धारण** : समितिले रिक्त पदपूर्ति गर्दा ऐनको दफा ४ को उपदफा (२) बमोजिम समावेशी सिद्धान्तका आधारमा अनुसूची–२ अनुसार पद संख्या निर्धारण गर्नु पर्नेछ ।

७. **सूचना प्रकाशन गर्ने** : पद संख्या निर्धारण भएपछि समितिले अनुसूची –३ बमोजिमको ढाँचामा करार सेवाका लागि दरखास्त आह्वान गर्न सूचना प्रकाशन गर्नु पर्नेछ ।

८. **दरखास्त पेश गर्नुपर्ने** : (१) दफा ६ बमोजिम सूचनामा तोकिएको म्यादभित्र योग्यता पुगेका उम्मेदवारले अनुसूची–४ बमोजिमको ढाँचामा आवश्यक कागजात, परीक्षा दस्तुर तिरेको सक्कल रसिद सहित नगर कार्यपालिकाको कार्यालयमा लिखित निवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश हुन आएका निवेदन माथि रीत पुगे/नपुगेको जाँच गरी रीत पुगेका दरखास्त निवेदनलाई दर्ता गर्नु पर्नेछ ।

९. **दरखास्त अस्वीकृत गर्न सकिने** : (१) दफा ७ बमोजिम समितिले प्रकाशन गरेको दरखास्त आह्वानको सूचना बमोजिम कुनै उम्मेदवारले पेश गरेको दरखास्त तोकिएको ढाँचा बमोजिम नभएको, रीत नपुगेको वा तोकिएको पदको लागि निर्धारण गरिएको योग्यता नभएको देखिएमा समितिले अन्तिम नतिजा प्रकाशन हुनु अघि जुनसुकै बखत त्यस्तो दरखास्त अस्वीकृत गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि दरखास्तको ढाँचा नमिलेको वा रीत नपुगेको दरखास्त पेश गर्ने सम्बन्धीत उम्मेदवारलाई समितिले सो कुराको सूचना दिनेछ र सम्बन्धीत उम्मेदवारले दरखास्त बुझाउन तोकिएको म्याद समाप्त भएको तीन दिनभित्र ढाँचा मिलाई वा रीत पुऱ्याई ल्याएमा आयोगले त्यस्तो दरखास्त स्वीकृत गर्न सक्नेछ ।

(३) समितिले उपदफा (१) बमोजिम दरखास्त अस्वीकृत भएको कारण सहितको जानकारी त्यस्तो उम्मेदवारलाई दिई सोको सूचना नगरपालिकाको वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ ।

१०. **शारीरिक तन्दुरुस्ती परीक्षण तथा स्वास्थ्य परीक्षण** : (१) रित पुरा भएका उम्मेदवारलाई अनुसूची (१) बमोजिमका प्रथम चरणको प्रारम्भिक स्वास्थ्य परीक्षण, शारीरिक तन्दुरुस्ती परीक्षामा सहभागी गराईने छ। प्रारम्भिक स्वास्थ्य परीक्षणमा सफल हुने उम्मेदवारलाई मात्र शारीरिक तन्दुरुस्ती परीक्षामा सहभागी गराईनेछ र शारीरिक तन्दुरुस्ती परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरुलाई मात्र अनुसूची (१) बमोजिमकै द्वितीय चरण बिस्तृत तथा विशेष स्वास्थ्य परीक्षणमा समाबेश गराईने छ ।

(२) स्वास्थ्य परीक्षणको अंकभार (फिजिकल फिटनेस) अनुसूची-१ बमोजिम रहनेछ ।

११. **शारीरिक तन्दुरुस्ती परीक्षण तथा स्वास्थ्य परीक्षण परीक्षाको नतिजा** : (१) समितिले शारीरिक तन्दुरुस्ती परीक्षण तथा स्वास्थ्य परीक्षण परीक्षाको नतिजा प्रकाशन गर्दा परीक्षामा उत्तीर्ण भएका उम्मेदवारको वर्णानुक्रम अनुसार नाम, थर र रोल नम्बर समेत उल्लेख गरी नतिजा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नतिजा प्रकाशन गर्दा त्यस पछिको अर्को चरणको परीक्षाको मिति र समय समेत उल्लेख गर्नु पर्नेछ ।

(३) प्रथम तथा दोस्रो चरणको शारीरिक तन्दुरुस्ती परीक्षण तथा स्वास्थ्य परीक्षण परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरूलाई मात्र तेस्रो चरणको लिखित परीक्षामा समावेश गराइने छ ।

१२. **प्रश्नपत्र निर्माण** : (१) नगर प्रहरीका लागि सञ्चालन हुने लिखित परीक्षाका लागि आवश्यक पर्ने प्रश्नपत्रको निर्माण वा परिमार्जन (मोडरेशन) समितिले गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रश्नपत्र निर्माण वा परिमार्जन गर्न समितिले विषय विज्ञ वा नेपाल प्रहरी वा सशत्र प्रहरी वल नेपाल वा नेपाली सेनाको समेत सहयोग लिन सक्नेछ ।

१३. **लिखित परीक्षा सञ्चालन र उत्तरपुस्तिका परीक्षण** : (१) समितिले नगर प्रहरी पदमा पदपूर्ति गर्न लिइने लिखित परीक्षा तोकिएको मिति र समयमा मर्यादापूर्वक सञ्चालन गर्नु गराउनु पर्नेछ ।

(२) लिखित परीक्षा सम्पन्न भएपछि समितिले उत्तरपुस्तिका परीक्षण गर्नु पूर्व उत्तरपुस्तिकामा गोप्य संकेत नम्बर राख्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम गोप्य संकेत नम्बरको प्रयोग गरिसकेपछि समितिले विषय विज्ञ वा दक्षद्वारा उत्तरपुस्तिकाको परीक्षण तथा सम्परीक्षण गराउनु पर्नेछ ।

१४. **लिखित परीक्षाको नतिजा** : (१) समितिले लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा दफा १३ बमोजिमको परीक्षामा उत्तीर्ण भएका उम्मेदवारको वर्णानुक्रम अनुसार नाम, थर र रोल नम्बर समेत उल्लेख गरी नतिजा प्रकाशन गर्नु पर्नेछ ।

(२) तेस्रो चरणको लिखित परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरूलाई मात्र चौथो चरणको अन्तर्वार्ता परीक्षामा समावेश गरिनेछ ।

१५. **लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने** : दफा १३ बमोजिमको लिखित परीक्षामा उत्तीर्ण उम्मेदवारहरुको नतिजा प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम नतिजा प्रकाशन गर्दा प्रथम चरण र द्वितीय चरणको परीक्षामा प्राप्तांक समेतलाई जोडी उच्चतम अंकका आधारमा रिक्त पद सङ्ख्याको २५ प्रतिशत संख्या थप गरी प्रकाशन गर्नुपर्नेछ ।

१६. **अन्तर्वार्ता सञ्चालन** : (१) दफा १५ बमोजिम उत्तीर्ण उम्मेदवारहरू मात्र अन्तर्वार्ता परीक्षामा समावेश हुनेछन ।

(२) उपदफा (१) बमोजिम अन्तर्वार्ता सञ्चालन गर्न विषय विज्ञलाई सहभागी गराउनु पर्नेछ वा नेपाल प्रहरी वा सशत्र प्रहरी वल नेपाल वा नेपाली सेनाको सहयोग लिन सक्नेछ ।

१७. **अन्तिम नतिजा प्रकाशन** : (१) समितिले नगर प्रहरीको पदपूर्तिका लागि उम्मेदवारहरूको छनोट सम्बन्धी परीक्षामा सम्पूर्ण प्रक्रिया सम्पन्न भएपछि सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरूको रोल नम्बर, नाम, थर, ठेगाना, बाबु, बाजेको नाम समेत उल्लेख गरी योग्यताक्रम अनुसार अन्तिम नतिजा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अन्तिम नतिजा प्रकाशन गर्दा खुला र समावेशी तर्फ विज्ञापन भएको पदको हकमा पहिले खुला र त्यसपछि समावेशी तर्फको नतिजा प्रकाशन गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम नतिजा प्रकाशन गर्दा तोकिए बमोजिमको सङ्ख्यामा वैकल्पिक उम्मेदवारहरूको सूची समेत प्रकाशन गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको वैकल्पिक सूची प्रकाशन भएको मितिले ६ महिनासम्म कायम रहनेछ ।

१८. **नियुक्तिको सिफारिस** : (१) दफा १६ को उपदफा (१) बमोजिमका उम्मेदवारलाई समितिले योग्यताक्रम अनुसार करार सेवामा नियुक्तिको लागि नगर कार्यपालिकाको कार्यालयलाई सिफारिस गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिस भएका उम्मेदवारले १५ दिन भित्र नियुक्तिको लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन पेश गर्नु पर्नेछ र प्रमुख प्रशासकीय अधिकृतले निवेदकलाई अनुसूची - ५ बमोजिमको ढाँचामा नियुक्ति दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम नियुक्ति दिदा ऐनको दफा ६ मा उल्लेखित काम कर्तव्य र अधिकार सम्बन्धी अनुसूची-६ बमोजिम कार्य विवरण समेत दिनुपर्ने छ ।

(४) उपदफा (१) बमोजिम सिफारिस गरिएका उम्मेदवार मध्ये कुनै उम्मेदवारले १५ दिन भित्र नियुक्तिको लागि निवेदन पेश नगरेमा वा कुनै कारणले उक्त पद ६ महिना भित्र रिक्त भएमा समितिले योग्यताक्रम अनुसार वैकल्पिक उम्मेदवारलाई नियुक्तिको लागि सिफारिस गर्नु पर्नेछ ।

(५) उपदफा (२) र (३) बमोजिम सिफारिस भएको उम्मेदवारलाई प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति दिई शपथग्रहण गराउनु पर्नेछ ।

(६) नगर प्रहरीमा करार सम्झौता गर्दा करारको अवधि ६ महिना हुनेछ । सो पश्चात निजको कार्य सम्पादन सन्तोषजनक भएमा आवश्यकता अनुसार पुन: ६/६ महिनाका लागी म्याद थप गर्न सकिनेछ ।

## परिच्छेद–४
## विविध

१९. **ज्येष्ठताक्रम कायम गर्ने** : सुरु नियुक्ति भएका प्रहरीको हकमा पदपूर्ति समितिले सिफारिस गरेको योग्यताक्रमलाई नै ज्येष्ठताक्रम मानिनेछ ।

२०. **काममा लगाउन सकिने**: समितिले परीक्षा सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्यका लागि नगर कार्यपालिकाका कर्मचारीलाई काममा लगाउन सक्नेछ ।

२१. **विद्युतीय माध्यमको प्रयोग** : रिक्त पदको विज्ञापन, नतिजा प्रकाशन जस्ता काममा विद्युतीय माध्यमको प्रयोग गर्न सक्नेछ ।

## अनुसूची–१

(दफा ५ को उपदफा १ सँग सम्बन्धीत)

### १ . नगर प्रहरी जवान पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

पद : नगर प्रहरी जवान　　　　सेवा/समुह : प्रशासन/सुरक्षा

(क) नगर प्रहरी जवान पदको लागि देहायको परीक्षा योजना हुनेछ ।

**परीक्षा योजना**

| क्र.स. | चरण | विवरण | पूर्णाङ्क | उत्तीर्णाङ्क |
|---|---|---|---|---|
| १. | प्रथम चरण | प्रारम्भिक स्वास्थ्य परीक्षण | - | - |
| | | शारीरिक तन्दुरुस्ती | १०० | ४० |
| २. | द्वितीय चरण | विस्तृत स्वास्थ्य परीक्षण | - | - |
| ३. | तृतीय चरण | लिखित परीक्षा | १०० | ४० |
| ४ . | चतुर्थ चरण | अन्तर्वार्ता | २० | – |

(१ ) प्रथम चरण : शारीरिक तन्दुरुस्ती तथा स्वास्थ्य परीक्षण परीक्षा :

(अ) प्रारम्भिक स्वास्थ्य परीक्षण :

प्रारम्भिक स्वास्थ्य परीक्षण (फिजिकल फिटनेस) मा अनुत्तीर्ण हुने अवस्था :

१. अंगभंग/कुरूप देखिने,
२. हात खुट्टा बाङ्गो-टिङ्गो र औंलाहरु ठिक नभएको,
३. घुंडा Knee Lock भएको अथवा Rickets भई फाटिएको (K2 र K2 भन्दा माथिको) ,
४. धेरै चेप्टो पैताला भएको (भालु पाईले ) ,
५. स्पष्ट बोली नभएको,
६. बोल्नै नसक्ने,
७. ढाड कुप्रो भएको,
८. शरीर पूरा झूकाउन नसक्ने,
९. जिउ कोल्टे परेको (बाङ्गो शरीर भएको) ,
१०. दुबी भएको,
११. कपाल झरेको, फुस्रो वा रंगाएको,
१२. लुरे (उचाई अनुसार अत्याधिक दुब्लो )
१३. आँखा डेडो भएको,
१४. कुनै एक आँखा चिम्लन नसक्ने,
१५. उमेर अनुसार उचाइ तथा तौलभन्दा असामान्य बढी तौल भएको,
१६. शरीर मोटो तर हात खुट्टा झिनो देखिने,
१७. अनुहारमा अस्वाभाविक दागहरु भएको,
१८. शरिरको बाहिर देखिने भागमा ट्याटु मार्क बनाएको,
१९. २ वटा भन्दा बढी दाँत किराले खाएको वा झरेको,
२०. भेरिकोच वा नशा फुल्ने भएको,
२१. पुरुषको हकमा उचाई ५ फिट २ ईन्च तथा वजन ५० किलो र महिलाको हकमा ५ फिट उचाई तथा वजन ४५ किलो हुनुपर्ने,
२२ . आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,
२३ . पुरुषको हकमा छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको,

(आ) शारीरिक तन्दुरुस्ती परीक्षा : प्रारम्भिक स्वास्थ्य परीक्षणमा उत्तीर्ण हुने परिक्षार्थीलाई मात्र शारीरिक तन्दुरुस्ती परीक्षामा सहभागी गराईने छ ।

| इभेन्टस् | ३०० मि. दौड | लङ जम्प | हाई जम्प | सिट अप | पुस अप | चिन अप | ३.२कि.मी. (२ माईल) दौड | जम्मा अंक |
|---|---|---|---|---|---|---|---|---|
| पूर्णाङ्क | २० | १० | १० | १० | १० | १० | ३० | १०० |
| उत्तीर्णाङ्क | ८ | ४ | ४ | ४ | ४ | ४ | १२ | ४० |

• शारीरिक तन्दुरुस्ती परीक्षाको अंकभार परिशिष्ट (क) बमोजिम हुनेछ ।

• कुनै पनि इभेन्टमा अनुत्तीर्ण हुने उम्मेदवारलाई सो भन्दा पछि हुने इभेन्टमा सहभागी गराइने छैन ।

२. **द्वितीय चरण** : बिस्तृत तथा विशेष स्वास्थ्य परीक्षण :

A. Height, weight and chest measurement
B. Chest Check up (X-ray report)
C. Urine Test
D. Ear, Nose and Throat Check up
E. Dental Check up
F. General Physic Check up (Surgical Test)
G. Blood Pressure and pulse check up
H. Eye Test (Colour Blind and Vision Power)
I. General Personality Observation
J. Psychiatric Checking
K. HIV/AIDS
L. हेपाटाइटिस बी लगायत जटिल शंकास्पद रोगहरु

३. **तृतीय चरण** : लिखित परीक्षा

लिखित परीक्षा देहाय बमोजिमको परीक्षा योजना अनुसार हुनेछ ।

**पुर्णाङ्कः १००** **उत्तीर्णाङ्कः४०** **परीक्षा प्रणालीः बस्तुगत बहुबैकल्पिक प्रश्न**

| खण्ड | विषय | अंकभार | प्रश्न संख्या | समय |
|---|---|---|---|---|
| क | सामान्य ज्ञान | ५० | २५ प्रश्न × २ अंक = ५० | १ घण्टा |
| ख | बौद्धिक परीक्षण | ३० | १५ प्रश्न × २ अंक = ३० | |
| ग | सेवा प्रवाह सम्बन्धी | २० | १० प्रश्न × २ अंक = २० | |

**द्रष्टव्य :**

• यो पाठ्यक्रमको योजना अनुसार लिखित परीक्षा हुनेछ ।

• परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी वा नेपाली र अंग्रेजी दुवै हुन सक्नेछ ।

• वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरूको उत्तर सही दिएमा प्रत्येक सही उत्तर बापत २ (दुई) अंक दिइनेछ भने गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २०% अंक कट्टा गरिनेछ । तर उत्तर नदिएमा त्यस बापत अंक दिइने छैन र अंक कट्टा पनि गरिने छैन ।

• यस पाठ्यक्रममा जे सुकै कुरा लेखिएको भए तापनि पाठ्यक्रममा परेका ऐन नियमहरू तथा नीतिहरू परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाइएका वा थप गरी संशोधन भई) कायम रहेका लाई यस पाठ्यक्रममा रहेको सम्झनु पर्नेछ ।

**(घ) चतुर्थ चरण : अन्तर्वार्ता**

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली |
|---|---|---|
| अन्तर्वार्ता | २० | मौखिक |

**नोटः** अन्तर्वार्तामा अधिकतम २० अंक हुनेछ, जसमा अंङ्क प्रदान गर्दा न्युनतम ८ अंक र अधिकतम १४ अंकको सिमा भित्र रहि प्रदान गर्नुपर्ने छ र सो भन्दा बढी वा कम गर्नु परेमा पुष्टी सहितको कारण पेश गर्नु पर्नेछ ।

**लिखित परीक्षाको पाठ्यक्रम (प्रहरी जवान )**

पूर्णाङ्क : १०० उत्तीर्णाङ्क : ४० समय : १ घण्टा

_लिखित परीक्षा – १०० अंक

**(अ) सामान्य ज्ञान (२५ प्रश्न × २ अंक = ५०)**

(क) नेपालको इतिहास सम्बन्धी सामान्य जानकारी

- नेपालको भूगोल सम्बन्धी सामान्य जानकारी
- नेपालको क्षेत्रफल, सिमाना
- नेपालको भौगोलिक विभाजन (तराई,पहाड,हिमाल) र राजनीतिक विभाजन (संघ,प्रदेश,स्थानीय तह)
- नदी र हावापानीका आधारमा नेपालको विभाजन
- नेपालका प्रमुख नदी, ताल, झरना आदि
- नेपालको राष्ट्रिय निकुञ्ज र संरक्षित क्षेत्रहरू
- भजनी नगरपालिकाको भौगौलिक, राजनितिक, आर्थिक, सामाजिक, सास्कृतिक अवस्था सम्बन्धी जानकारी ।

(ग) नेपालमा प्रचलित धर्म, भाषा, जातजाति र जनसंख्या सम्बन्धी सामान्य जानकारी

(घ) नेपालको संविधान सम्बन्धी सामान्य जानकारी (नेपालको भाग ३ र अनुसूचीहरु)

(ङ) स्थानीय सरकार सञ्चालन ऐन सम्बन्धी सामान्य जानकारी

- नगरपालिकाको वर्गीकरण सम्बन्धी जानकारी
- गाउँपालिका र नगरपालिकाको अधिकार सम्बन्धी जानकारी
- नगर प्रहरीका काम, कर्तव्य र अधिकारहरू सम्बन्धी जानकारी
- स्थानीय तहको वित्तीय अधिकार सम्बन्धी जानकारी

(च) कम्प्युटर, मोबाइल, इमेल-इन्टरनेट, सामाजिक सञ्जाल जस्ता नवीन प्रविधिले मानव जीवनमा पारेको प्रभाव

**(आ) बौद्धिक परीक्षण (आई.क्यु.) (१५ प्रश्न × २ अंक = ३०)**

शाब्दिक अनुक्रम, समानता, वर्गीकरण, कोडिङ, डिकोडिङ, मिल्दो नमिल्दो छुट्याउने, दिशा र दूरी सम्बन्धी परीक्षण ।

**(इ) सेवा प्रवाह सम्बन्धी (१० प्रश्न × २ अंक = २०)**

- दर्ता, चलानी, चिठीपत्र सम्बन्धी जानकारी
- सार्वजनिक सेवा प्रवाह सम्बन्धी सामान्य जानकारी
- नगर कार्यपालिका र वडा कार्यालयबाट प्रवाह हुने सेवा सम्बन्धी
- नेपालको वर्तमान संविधान ( जारी मिति, भाग, धारा, अनुसूची संख्या )
- नगर प्रहरीका काम, कर्तव्य, अधिकार सम्वन्धी
- कार्यपालिका, नगरसभा, न्यायिक समिति सम्वन्धी जानकारी

२. <u>नगर प्रहरी हवल्दार पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम</u>

**पद** : नगर प्रहरी हवल्दार **सेवा/समुह** : प्रशासन/सुरक्षा

(क) नगर प्रहरी हवल्दार पदको लागि देहायको परीक्षा योजना हुनेछ ।

**परीक्षा योजना**

| क्र.स. | चरण | विवरण | पूर्णाङ्क | उत्तीर्णाङ्क |
|---|---|---|---|---|
| १. | प्रथम चरण | प्रारम्भिक स्वास्थ्य परीक्षण | - | - |
| | | शारीरिक तन्दुरुस्ती | १०० | ४० |
| २. | द्वितीय चरण | विस्तृत स्वास्थ्य परीक्षण | - | - |
| ३. | तृतीय चरण | लिखित परीक्षा | १०० | ४० |
| ४. | चतुर्थ चरण | अन्तर्वार्ता | २० | - |

१ **प्रथम चरण** : शारीरिक तन्दुरुस्ती तथा स्वास्थ्य परीक्षण परीक्षाः

**(अ) प्रारम्भिक स्वास्थ्य परीक्षण :**

**प्रारम्भिक स्वास्थ्य परीक्षण (फिजिकल फिटनेस) मा अनुत्तीर्ण हुने अवस्था :**

१. अंगभंग/कुरूप देखिने
२. हात खुट्टा बाङ्गो-टिङ्गो र औलाहरु ठिक नभएको
३. घुंडा Knee Lock भएको अथवा Rickets भई फाटिएको (K2 र K2 भन्दा माथिको)
४. धेरै चेप्टो पैताला भएको (भालु पाईले )
५. स्पष्ट बोली नभएको
६. बोल्नै नसक्ने
७. ढाड कुप्रो भएको
८. शरीर पूरा झूकाउन नसक्ने
९. जिउ कोल्टे परेको (बाङ्गो शरीर भएको)
१०. दुबी भएको
११. कपाल झरेको, फुस्रो वा रंगाएको
१२. लुरे (उचाई अनुसार अत्याधिक दुब्लो )
१३. आँखा डेडो भएको
१४. कुनै एक आँखा चिम्लन नसक्ने
१५. उमेर अनुसार उचाइ तथा तौलभन्दा असामान्य बढी तौल भएको
१६. शरीर मोटो तर हात खुट्टा झिनो देखिने
१७. अनुहारमा अस्वाभाविक दागहरु भएको
१८. शरिरको बाहिर देखिने भागमा टघाटु मार्क बनाएको
१९. २ वटा भन्दा बढी दाँत किराले खाएको वा झरेको
२०. मेरिकोच वा नशा फुल्ने भएको
२१. पुरुषको हकमा उचाई ५ फिट २ ईन्च तथा वजन ५० किलो र महिलाको हकमा ५ फिट उचाई तथा वजन ४५ किलो हुनुपर्ने
२२. आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको
२३. पुरुषको हकमा छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको

(आ) **शारीरिक तन्दुरुस्ती परीक्षा** : प्रारम्भिक स्वास्थ्य परीक्षणमा उत्तीर्ण हुने परीक्षार्थीलाई मात्र शारीरिक तन्दुरुस्ती परीक्षामा सहभागी गराईने छ ।

| इभेन्टस् | ३०० मि. दौड | लङ जम्प | हाई जम्प | सिट अप | पुस अप | चिन अप | ३.२ कि.मी. दौड | जम्मा अंक |
|---|---|---|---|---|---|---|---|---|
| पूर्णाङ्क | २० | १० | १० | १० | १० | १० | ३० | १०० |
| उत्तीर्णाङ्क | ८ | ४ | ४ | ४ | ४ | ४ | १२ | ४० |

द्रष्टव्य :

• शारीरिक तन्दुरुस्ती परीक्षाको अंकभार परिशिष्ट (क) बमोजिम हुनेछ ।

• कुनै पनि इभेन्टमा अनुत्तीर्ण हुने उम्मेदवारलाई सो भन्दा पछि हुने इभेन्टमा सहभागी गराइने छैन

२. **<u>द्वितीय चरण</u> : बिस्तृत तथा विशेष स्वास्थ्य परीक्षण :**

A. Height, weight and chest measurement
B. Chest Check up (X-ray report)
C. Urine Test
D. Ear, Nose and Throat Check up
E. Dental Check up
F. General Physic Check up (Surgical Test)
G. Blood Pressure and pulse check up
H. Eye Test (Colour Blind and Vision Power)
I. General Personality Observation
J. Psychiatric Checking
K. HIV/AIDS
L. हेपाटाइटिस बी लगायत जटिल शंकास्पद रोगहरु

३. **<u>तृतीय चरण</u> :** लिखित परीक्षा

लिखित परीक्षा देहाय बमोजिमको परीक्षा योजना अनुसार हुनेछ ।

| परीक्षण क्षेत्र | बिषय | परीक्षा प्रणाली | अंक भार | पुर्णाङ्क | उत्तीर्णाङ्क | समय |
|---|---|---|---|---|---|---|
| सामान्य ज्ञान तथा बौद्धिक परीक्षण | (क )सामान्य ज्ञान | वस्तुगत बहुबैकल्पिक | १०×२ = २० | १०० | ४० | २ घण्टा |
| | बौद्धिक परीक्षण | | ५ ×२ = १० | | | |
| भाषा निपूणता परीक्षण | (क) अंग्रेजी भाषा | बिषयगत | २ ×५ = १० | | | |
| | (ख) नेपाली भाषा | बिषयगत | ४ ×५ = २० | | | |
| पेशागत सैद्दान्तिक ज्ञान | सेवा सम्बन्धी | वस्तुगत बहुबैकल्पिक | २०×२= ४० | | | |

द्रष्टव्य :

- यो पाठ्यक्रमको योजना अनुसार लिखित परीक्षा हुनेछ ।
- परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी वा नेपाली र अंग्रेजी दुवै हुन सक्नेछ ।
- वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरूको उत्तर सही दिएमा प्रत्येक सही उत्तर बापत २ (दुई) अंक दिइनेछ भने गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २०% अंक कट्टा गरिनेछ। तर उत्तर नदिएमा त्यस बापत अंक दिइने छैन र अंक कट्टा पनि गरिनेछैन ।
- यस पाठ्यक्रममा जे सुकै कुरा लेखिएको भए तापनि पाठ्यक्रममा परेका ऐन नियमहरू तथा नीतिहरू परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाइएका वा थप गरी संशोधन भई) कायम रहेका लाई यस पाठ्यक्रममा रहेको सम्झनु पर्नेछ ।

(४) चतुर्थ चरण : अन्तर्वार्ता

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली |
|---|---|---|
| अन्तर्वार्ता | २० | मौखिक |

**नोट:** अन्तवार्तामा अधिकतम २० अंक हुनेछ, जसमा अंङ्क प्रदान गर्दा न्युनतम ८ अंक र अधिकतम १४ को सिमा भित्र रहि प्रदान गर्नुपर्ने छ र सो भन्दा बढी वा कम गर्नु परेमा पुष्टी सहितको कारण पेश गर्नु पर्नेछ ।

## लिखित परीक्षाको पाठ्यक्रम (प्रहरी हवल्दार)

पूर्णाङ्क : १०० उत्तीर्णाङ्क : ४० समय : २ घण्टा

प्रथम चरण : लिखित परीक्षा- १०० अंक

### (अ) सामान्य ज्ञान तथा वौद्धिक परीक्षण

(क) सामान्य ज्ञान (१० प्रश्न × २ अंक = २०)

१. भूगोल

- नेपालको भूगोल : अवस्थिति, हावापानी, नदीनाला, ताल तलैया र बनजंगल ।
- नेपालको राष्ट्रिय निकुञ्ज र संरक्षित क्षेत्रहरू ।
- भजनी नगरपालिकाको भौगौलिक, राजनितिक, आर्थिक, सामाजिक, सास्कृतिक अवस्था सम्बन्धी जानकारी ।

२. इतिहास, संस्कृति र सामाजिक अवस्था

- नेपालको प्राचीनकालदेखि वर्तमान समय सम्मको राजनीतिक, आर्थिक एवं सामाजिक सांस्कृतिक अवस्था ।
- नेपालमा प्रचलित धर्म, भाषा, जातजाति र जनसंख्या सम्बन्धी सामान्य जानकारी ।

३. स्थानीय सरकार सञ्चालन ऐन सम्बन्धी सामान्य जानकारी

४. कम्प्युटर, मोबाइल, इमेल-इन्टरनेट, सामाजिक सञ्जाल जस्ता नवीन प्रविधिले मानव जीवनमा पारेको प्रभाव

५. पर्यावरणीय संरक्षण, जलवायु परिवर्तन, जनसांख्यिक, शहरीकरण, बसोबास, प्रदूषण तथा राष्ट्रिय सम्पदाको संरक्षण सम्बन्धी जानकारी ।

६. नेपालको संविधान सम्बन्धी सामान्य जानकारी ( भाग १,२,३.४ र अनुसूचीहरु )

७. INTERPOL सम्बन्धी सामान्य जानकारी ।

८. नगर प्रहरी सम्बन्धी जानकारी, ट्राफिक संकेत सम्बन्धी जानकारी ।

(ख) बौद्धिक परीक्षण (आई.क्यु.) (५ प्रश्न × २ अंक = १०)

- शाब्दिक अनुक्रम, समानता, वर्गीकरण, कोडिङ, डिकोडिङ, मिल्दो नमिल्दो छुट्याउने, दिशा र दूरी सम्बन्धी परीक्षण ।
- Airthmetic Test : percentage, Average, Profit and Loss, Time and Work

### (आ) भाषा निपूणता परीक्षण (बिषयगत )

(क) अंग्रेजी भाषा २×५ = १०

- Matching words with suitable groups OR Singular/Plural : 5 Marks
- Translation : 5 Marks
- A short Nepali OR English text will be given for translation into English OR Nepali.

(ख) नेपाली भाषा (४ ×५ = २०)

- समसामयिक शीर्षकमा निबन्ध लेखन
- निर्धारित विषयमा प्रतिवेदन लेखन
- विभिन्न बिषयको पत्र-ताकेता पत्र, प्रतिउत्तर पत्र लेखन
- समसामयिक विषयको टिप्पणी लेखन
- नगरपालिकाको वर्गीकरण सम्बन्धी जानकारी
- गाउँपालिका र नगरपालिकाको अधिकार सम्बन्धी जानकारी
- नगर प्रहरीका काम कर्तव्य र अधिकारहरू सम्बन्धी जानकारी
- स्थानीय तहको वित्तीय अधिकार सम्बन्धी जानकारी

**(ङ) पेशागत सैद्दान्तिक ज्ञान / सेवा सम्बन्धी (बहुबैकल्पिक प्रश्न २०×२= ४०)**

- सार्बजनिक सेवा प्रवाह सम्बन्धी
- नगर कार्यपालिका र वडा कार्यालयबाट प्रवाह हुने सेवा सम्बन्धी
- नगर प्रहरीको काम, कर्तव्य र अधिकार सम्बन्धी
- नगर प्रहरीको योग्यता तथा आचरण सम्बन्धी
- कसुर तथा सजाय सम्बन्धी ब्यबस्था सम्बन्धी
- सुरक्षाको अवधारणा, महत्व, गस्ती, सूचना संकलन, विश्लेषण, प्रवाह र समन्यव, भिड नियन्त्रणका उपायहरु लगायतका सुरक्षा व्यवस्थापनका बिषयहरु
- अपराध, अनुसन्धान, परिचय, महत्व, र विधिहरु, घटनास्थल संरक्षण, जाहेरी दरखास्त, खान तलासी गर्दा ध्यान दिनुपर्ने कुराहरु, पक्राउ र थुनछेक गर्नुपूर्व अपनाउनुपर्ने विधिहरु, प्रमाण संकलन गर्दा ध्यान दिनुपर्ने कुराहरु लगायत अपराध र अनुसन्धान संग सम्बन्धीत बिषयहरु
- नेपालको सविधानमा मौलिक हक र कर्तव्य राज्यको निर्देशक सिद्दान्त, नीति तथा दायित्व, राज्यको सरचना र राज्य शक्तिको बाँडफाँड, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय मानब अधिकार आयोग सम्बन्धी नेपालको संविधानको प्रावधानको जानकारी
- मुलकी देवानी फौजदारी कार्यविधि संहिता २०७४ को परिच्छेद २
- मुलुकी अपराध संहिता, २०७४ को भाग २, परिच्छेद २, ३, ४ र ५

## परिशिष्ट- (क )

## शारीरिक तन्दुरुस्ती परीक्षाको अंकभार

• कुनै पनि इभेन्टमा अनुत्तीर्ण हुने उम्मेदवारलाई सो भन्दा पछि हुने इभेन्टमा सहभागी गराइने छैन

(१) ३०० मिटर दौड

| क्र.सं. | पुरुषको लागि समयावधि | पुरुष/महिला अंकः २० .०० | महिलाको लागि समयावधि |
|---|---|---|---|
| १ | ४५ सेकेण्ड वा सो भन्दा कम | २० .०० | ५५ सेकेण्ड वा सो भन्दा कम |
| २ | ४७ सेकेण्ड सम्म | १८ .०० | ५७ सेकेण्ड सम्म |
| ३ | ४९ सेकेण्ड सम्म | १६ .०० | ५९ सेकेण्ड सम्म |
| ४ | ५१ सेकेण्ड सम्म | १४ .०० | ६१ सेकेण्ड सम्म |
| ५ | ५३ सेकेण्ड सम्म | १२ .०० | ६३ सेकेण्ड सम्म |
| ६ | ५४ सेकेण्ड सम्म | १० .०० | ६५ सेकेण्ड सम्म |
| ७ | ५६ सेकेण्ड सम्म | ८ .०० | ६७ सेकेण्ड सम्म |
| ८ | ५६ सेकेण्ड भन्दा बढी | अनुत्तीर्ण | ६७ सेकेण्ड भन्दा बढी |

(२) लङ जम्प

| क्र.सं. | पुरुषको लागि दुरी | पुरुष/महिला अंकः १० .०० | महिलाको लागि दुरी |
|---|---|---|---|
| १ | १५ फिट वा सो भन्दा बढी | १०.०० | १२ फिट वा सो भन्दा बढी |
| २ | १४ फिट सम्म | ८.५० | ११ फिट सम्म |
| ३ | १३ फिट सम्म | ७ .०० | १० फिट सम्म |
| ४ | १२ फिट सम्म | ५ .५० | ९ फिट सम्म |
| ५ | ११ फिट सम्म | ४ .०० | ८ फिट सम्म |
| ६ | ११ फिट भन्दा कम | अनुत्तीर्ण | ८ फिट भन्दा कम |
| तीन पटक सम्म प्रयास गर्न पाउने । | | | |

(३) हाई जम्प

| क्र.सं. | पुरुषको लागि उचाई | पुरुष/महिला अंक १०.०० | महिलाको लागि उचाई |
|---|---|---|---|
| १ | ४.५ फिट सम्म | १०.०० | ३.५ फिट सम्म |
| २ | ४ फिट सम्म | ८ .०० | ३ फिट सम्म |
| ३ | ३.५ फिट सम्म | ६ .०० | २.५ फिट सम्म |
| ४ | ३ फिट सम्म | ४ .०० | २ फिट सम्म |
| ५ | ३ फिट भन्दा कम | अनुत्तीर्ण | २ फिट भन्दा कम |
| तीन पटकसम्म प्रयास गर्न पाउने | | | |

(४) सिट अप

| क्र.सं. | पुरुषको लागि पटक | पुरुष/महिला अंक १० .०० | महिलाको लागि पटक |
|---|---|---|---|
| १ | २० पटक वा सो भन्दा माथि | १० .०० | १३ वा बढी |
| २ | १७ पटक सम्म | ८ .०० | १० पटक सम्म |
| ३ | १४ पटक सम्म | ६ .०० | ७ पटक सम्म |
| ४ | १० पटक सम्म | ४ .०० | ४ पटक सम्म |
| ५ | १० पटकसम्म गर्न नसक्रे | अनुत्तीर्ण | ४ पटकसम्म गर्न नसक्रे |
| तीन पटकसम्म प्रयास गर्न पाउने | | | |

(५ ) पुस अप

| क्र.सं. | पुरुषको लागि पटक | पुरुष/महिला अंक १० .०० | महिलाको लागि पटक |
|---|---|---|---|
| १ | २० पटक वा सो भन्दा माथि | १० .०० | १३ वा बढी |

| | | | |
|---|---|---|---|
| २ | १७ पटक सम्म | ८.०० | १० पटक सम्म |
| ३ | १४ पटक सम्म | ६.०० | ७ पटक सम्म |
| ४ | १० पटक सम्म | ४.०० | ४ पटक सम्म |
| ५ | १० पटकसम्म गर्न नसक्ने | अनुत्तीर्ण | ४ पटकसम्म गर्न नसक्ने |
| तीन पटकसम्म प्रयास गर्न पाउने | | | |

**(६) चिन अप/पुल अप**

(अ ) प्रहरी जवान पदको लागि मात्र

| **क्र.सं.** | **पुरुषको लागि पटक** | **पुरुष/महिला अंक १०.००** | **महिलाको लागि पटक** |
|---|---|---|---|
| १ | १२ पटक वा सो भन्दा माथि | १०.०० | ३ पटक वा सो भन्दा माथि |
| २ | ८ पटक सम्म | ८.०० | २ पटक सम्म |
| ३ | ६ पटक सम्म | ६.०० | १ पटक सम्म |
| ४ | ५ पटक सम्म | ४.०० | ३० सेकेण्ड सम्म झुण्डिन सक्ने |
| ५ | ५ पटकसम्म गर्न नसक्ने | अनुत्तीर्ण | ३० सेकेण्ड सम्म झुण्डिन नसक्ने |

(आ ) प्रहरी हवल्दार पदको लागि

| **क्र.सं.** | **पुरुषको लागि पटक** | **पुरुष/महिला अंक १०.००** | **महिलाको लागि पटक** |
|---|---|---|---|
| १ | ८ पटक वा सो भन्दा माथि | १०.०० | ३ पटक वा सो भन्दा माथि |
| २ | ६ पटक सम्म | ८.०० | २ पटक सम्म |
| ३ | ४ पटक सम्म | ६.०० | १ पटक सम्म |
| ४ | ३ पटक सम्म | ४.०० | ३० सेकेण्ड सम्म झुण्डिन सक्ने |
| ५ | ३ पटकसम्म गर्न नसक्ने | अनुत्तीर्ण | ३० सेकेण्ड सम्म झुण्डिन नसक्ने |

**(६ ) ३.२ कि.मी. (२ माइल) दौड**

| **क्र.सं.** | **पुरुषको लागि समयावधि** | **पुरुष/महिला अंक ३०.००** | **महिलाको लागि समयावधि** |
|---|---|---|---|
| १ | १४ मिनेट वा सो भन्दा कम | ३०.०० | १८ मिनेट वा सो भन्दा कम |
| २ | १५ मिनेट सम्म | २६.०० | १९ मिनेट सम्म |
| ३ | १६ मिनेट सम्म | २०.०० | २० मिनेट सम्म |
| ४ | १७ मिनेट सम्म | १६.०० | २१ मिनेट सम्म |
| ५ | १८ मिनेट भित्र | १२.०० | २२ मिनेट भित्र |
| ६ | १८ मिनेट भन्दा बढी | अनुत्तीर्ण | २२ मिनेट भन्दा बढी |

**३. नगर प्रहरी सहायक निरीक्षक पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

पद : नगर प्रहरी सहायक निरीक्षक सेवा/समुह : प्रशासन/सुरक्षा

तह : चौथो

**परीक्षा योजना**

| **क्र.स.** | **चरण** | **विवरण** | **पूर्णाङ्क** | **उत्तीर्णाङ्क** |
|---|---|---|---|---|
| १ | प्रथम चरण | प्रारम्भिक स्वास्थ्य परीक्षण | - | |
| | | शारीरिक तन्दुरुस्ती मूल्याङ्कन | - | |
| २ | द्वितीय चरण | विस्तृत स्वास्थ्य परीक्षण | - | - |
| ३ | तृतीय चरण | लिखित परीक्षा | १०० | ४० |
| ४ | चतुर्थ चरण | अन्तर्वार्ता | २० | - |

## १. प्रथम चरण

**(क) प्रारम्भिक स्वास्थ्य परीक्षण**

प्रारम्भिक स्वास्थ्य परीक्षण (फिजिकल फिटनेस) मा अनुत्तीर्ण हुने अवस्था :

१. अंगभंग/कुरूप देखिने
२. हात खुट्टा बाङ्गो-टिङ्गो र औलाहरु ठिक नभएको
३. घुंडा Knee Lock भएको अथवा Rickets भई फाटिएको (K2 र K2 भन्दा माथिको)
४. धेरै चेप्टो पैताला भएको (भालु पईले )
५. स्पष्ट बोली नभएको
६. बोल्नै नसक्ने
७. ढाड कुप्रो भएको
८. शरीर पूरा झूकाउन नसक्ने
९. जिउ कोल्टे परेको (बाङ्गो शरीर भएको)
१०. दुबी भएको
११. कपाल झरेको, फुस्रो वा रंगाएको
१२. लुरे (उचाई अनुसार अत्याधिक दुब्लो )
१३. आँखा डेडो भएको
१४. कुनै एक आँखा चिम्लन नसक्ने
१५. उमेर अनुसार उचाइ तथा तौलभन्दा असामान्य बढी तौल भएको
१६. शरीर मोटो तर हात खुट्टा झिनो देखिने
१७. अनुहारमा अस्वाभाविक दागहरु भएको
१८. शरिरको बाहिर देखिने भागमा ट्याटु मार्क बनाएको
१९. २ वटा भन्दा बढी दाँत किराले खाएको वा झरेको
२०. मेरिकोच वा नशा फुल्ने भएको
२१. पुरुषको हकमा उचाई ५ फिट २ ईन्च तथा वजन ५० किलो र महिलाको हकमा ५ फिट उचाई तथा वजन ४५ किलो हुनुपर्ने
२२. आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको
२३. पुरुषको हकमा छाती नफुलाउदा घटीमा ३१ इन्च र फुलाउदा ३३ इन्च भएको

**(ख) शारीरिक तन्दुरुस्ती मूल्यांकन परीक्षा**

| ईभेन्ट्स | पुरुष | | महिला | |
|---|---|---|---|---|
| | उत्तीर्ण | अनुत्तीर्ण | उत्तीर्ण | अनुत्तीर्ण |
| ३०० मि.दौड | ५५ सेकेन्डसम्म | ५५ सेकेन्ड भन्दा माथि | ६७ सेकेन्डसम्म | ६७ सेकेन्ड भन्दा माथि |
| हाई जम्प | कम्तिमा ३ फिट | ३ फिट भन्दा कम | कम्तिमा २ फिट | २ फिट भन्दा कम |
| सिट अफ | कम्तिमा १२ पटक | १२ पटक भन्दा कम | कम्तिमा ५ पटक | ५ पटक भन्दा कम |
| पुस अफ | कम्तिमा १० पटक | १० पटक भन्दा कम | कम्तिमा ४ पटक | ४ पटक भन्दा कम |
| चिन अफ / पुल अफ | कम्तिमा ३ पटक | ३ पटक भन्दा कम | कम्तिमा ३० सेकेण्ड सम्म | ३० सेकेण्ड सम्म झुन्डिन नसक्ने |
| ३.२ कि.मि. (२ माईल) दौड | १८ मिनेट सम्म | १८ मिनेट भन्दा माथि | २१ मिनेट सम्म | २१ मिनेट भन्दा माथि |

<u>नोट</u> :- कुनै पनि ईभेन्ट्समा अनुत्तीर्ण हुने उम्मेदवारलाई सो भन्दा पछि हुने इभेन्टमा सहभागी गराईने छैन।

**२. द्वितीय चरण :**

बिस्तृत तथा विशेष स्वास्थ्य परीक्षण :

A. Height, weight and chest measurement
B. Chest Check up (X-ray report)
C. Urine Test
D. Ear, Nose and Throat Check up
E. Dental Check up
F. General Physic Check up (Surgical Test)
G. Blood Pressure and pulse check up
H. Eye Test (Colour Blind and Vision Power)
I. General Personality Observation
J. Psychiatric Checking
K. HIV/AIDS
L. हेपाटाइटिस बी लगायत जटिल शंकास्पद रोगहरु

**३. तृतीय चरण :**

**लिखित परीक्षा**

लिखित परिक्षा देहाय बमोजिमको परीक्षा योजना अनुसार हुने छ।

| परीक्षण क्षेत्र | बिषय | परीक्षा प्रणाली | अंक भार | पुर्णाङ्क | उत्तीर्णाङ्क | समय |
|---|---|---|---|---|---|---|
| सामान्य ज्ञान तथा बौद्धिक परीक्षण | (क) सामान्य ज्ञान | वस्तुगत बहुबैकल्पिक | १०×२= २० | १०० | ४० | २ घण्टा |
| | (ख) बौद्धिक परीक्षण | वस्तुगत बहुबैकल्पिक | ५ ×२ = १० | | | |
| भाषा निपूणता परीक्षण | (क) अंग्रेजी भाषा | बिषयगत | २ ×५ = १० | | | |
| | (ख) नेपाली भाषा | बिषयगत | ४ ×५ = २० | | | |
| पेशागत अभिरूची परीक्षण | पेशागत सैद्धान्तिक ज्ञान तथा व्यबहारिक परीक्षण | वस्तुगत बहुबैकल्पिक | १०×२= २० | | | |
| | | बिषयगत | ४ ×५ = २० | | | |

**अ) सामान्य ज्ञान तथा बौद्धिक परीक्षण**

(क) सामान्य ज्ञान (१० प्रश्न × २ अंक = २०)

**१. भूगोल**

- नेपालको भूगोल: अवस्थिति, हावापानी, नदीनाला, ताल तलैया, र बनजंगल।
- नेपालको राष्ट्रिय निकुञ्ज र संरक्षित क्षेत्रहरू।

- भजनी नगरपालिकाको भौगौलिक, राजनितिक, आर्थिक, सामाजिक, सास्कृतिक अवस्था सम्बन्धी जानकारी।

**२. इतिहास, संस्कृति र सामाजिक अवस्था**

- नेपालको प्राचीनकालदेखि वर्तमान समय सम्मको राजनीतिक, आर्थिक एवं सामाजिक साँस्कृतिक अवस्था।
- नेपालमा प्रचलित धर्म, भाषा, जातजाति र जनसंख्या सम्बन्धी सामान्य जानकारी।

३. स्थानीय सरकार सञ्चालन ऐन सम्बन्धी सामान्य जानकारी

४ कम्प्युटर, मोबाइल, इमेल-इन्टरनेट, सामाजिक सञ्जाल जस्ता नवीन प्रविधिले मानव जीवनमा पारेको प्रभाव

५. पर्यावरणीय संरक्षण, जलवायु परिवर्तन, जनसांख्यिक, शहरीकरण, बसोबास, प्रदूषण तथा राष्ट्रिय सम्पदाको संरक्षण सम्बन्धी जानकारी।

६. नेपालको संविधान सम्बन्धी सामान्य जानकारी ( भाग १,२,३.४ र अनुसूचीहरु )

७. SAARC, BIMSTEC, NATO, INTERPOL सम्बन्धी सामान्य जानकारी।

८. नगर प्रहरी सम्बन्धी जानकारी, ट्राफिक संकेत सम्बन्धी जानकारी।

**(ख) बौद्धिक परीक्षण (आई.क्यु.) (५ प्रश्न × २ अंक = १०)**

- शाब्दिक अनुक्रम, समानता, वर्गीकरण, कोडिङ, डिकोडिङ, मिल्दो नमिल्दो छुट्याउने, दिशा र दूरी सम्बन्धी परीक्षण।
- Airthmetic Test : percentage, Average, Profit and Loss, Time and Work

**(आ) भाषा निपूणता परीक्षण**

**(क) अंग्रेजी भाषा (२×५ = १०)**

1. Short Report (Letter- form) 5 Marks

   Candidates will be asked to write a brief report in a letter-form addressing their chief administrative officer on any incident.
2. Translation : 5 Marks

   A short Nepali OR English text will be given for translation into English OR Nepali.

**(ख) नेपाली भाषा ४ ×५ = २०**

१ समसामयिक शीर्षकमा निबन्ध लेखन

२. निर्धारित विषयमा प्रतिवेदन लेखन

३. विभिन्न बिषयको पत्र- ताकेता पत्र, प्रतिउत्तर पत्र लेखन

४. समसामयिक विषयको टिप्पणी लेखन

**(इ) पेशागत अभिरूचि परीक्षण (कुल अंकभार ४० )**

(क) पेशागत सैद्वान्तिक ज्ञान तथा व्यबहारिक परीक्षण (वस्तुगत /बहुबैकल्पिक १०×२= २०)

(१) सार्बजनिक सेवा प्रवाह सम्बन्धी

- नगर कार्यपालिका र वडा कार्यालयबाट प्रवाह हुने सेवा सम्बन्धी
- नगर प्रहरीको काम,कर्तव्य र अधिकार सम्बन्धी
- नगर प्रहरीको योग्यता तथा आचरण सम्बन्धी
- कसुर तथा सजाय सम्बन्धी ब्यबस्था सम्बन्धी
- सुरक्षाको अवधारणा, महत्व, गस्ती, सूचना संकलन, विश्लेषण, प्रवाह र समन्यव, भिड नियन्त्रणका उपायहरु लगायतका सुरक्षा व्यवस्थापनका विषयहरु

- ○ अपराध, अनुसन्धान, परिचय, महत्व, र विधिहरु, घटनास्थल संरक्षण, जाहेरी दरखास्त, खान तलासी गर्दा ध्यान दिनुपर्ने कुराहरु, पक्राउ र थुनछेक गर्नुपूर्व अपनाउनुपर्ने विधिहरु, प्रमाण संकलन गर्दा ध्यान दिनुपर्ने कुराहरु लगायत अपराध र अनुसन्धान संग सम्बन्धीत बिषयहरु

२. नेपालको सविधानमा मौलिक हक र कर्तव्य राज्यका निर्देशक सिद्दान्त, नीति तथा दायित्व, राज्यको सरचना र राज्य शक्तिको बाँडफाँड, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय मानब अधिकार आयोग सम्बन्धी नेपालको संविधानको प्रावधानको जानकारी

३. मुलकी देवानी फौजदारी कार्यविधि संहिता २०७४ को परिच्छेद २

४. मुलुकी अपराध संहिता, २०७४ को भाग २, परिच्छेद २, ३, ४ र ५

५. व्यावहारिक परीक्षण : परिस्थिति जन्य ( Situational Based) र घटना प्रतिवेदन (Incident Based)

(ख) पेशागत सैद्दान्तिक ज्ञान तथा व्यावहारिक परीक्षण र सेवा प्रवाह सम्बन्धी विषयगत (४ प्रश्न × ५ अंक = २०)

- नगरपालिकाको वर्गीकरण सम्बन्धी जानकारी
- गाउँपालिका र नगरपालिकाको अधिकार सम्बन्धी जानकारी
- नगर प्रहरीका काम कर्तव्य र अधिकारहरू सम्बन्धी जानकारी
- स्थानीय तहको वित्तीय अधिकार सम्बन्धी जानकारी

**(४) चतुर्थ चरण : अन्तर्वार्ता**

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली |
|---|---|---|
| अन्तर्वार्ता | २० | मौखिक |

**नोट :** अन्तर्वार्तामा अधिकतम २० अंक हुनेछ, जसमा अंङ्क प्रदान गर्दा न्युनतम ८ अंक र अधिकतम १४ को सिमा भित्र रहि प्रदान गर्नुपर्ने छ र सो भन्दा बढी वा कम गर्नु परेमा पुष्टी सहितको कारण पेश गर्नु पर्नेछ ।

**अनुसूची–२**

(दफा ६ सँग सम्बन्धीत)

**पदसंख्या (प्रतिशत) निर्धारण सम्बन्धी सूत्र**

(क) नगर प्रहरी (व्यवस्थापन ऐन, २०८०) को दफा ४ को उपदफा (२) अनुसार ४५ प्रतिशतबाट (महिला, दलित, थारु, आर्थिक रूपमा विपन्न खस आर्य, आदिवासी/जनजाति, पिछडिएको क्षेत्र, मधेसी र मुस्लिम उम्मेदवार बीच मात्र प्रतिस्पर्धा गराउनका लागि छुट्याउँदा) हुने पद र बाँकी ५५ प्रतिशत सबै उम्मेदवारहरू बीच खुला प्रतिस्पर्धाका लागि पदसंख्या (प्रतिशत) निर्धारण गर्ने सूत्र र सो अनुसार प्रतिशत निर्धारण गर्दा कायम हुन आउने पदसंख्या देहाय बमोजिम हुनेछः

| ५५ प्रतिशत खुला प्रतियोगिताद्वारा पदपुर्तिका लागि | ४५ प्रतिशत तोकिएका समूहहरुका बीच खुला प्रतियोगिताद्वारा पदपुर्तिका लागि |
|---|---|
| खुल्ला पदको लागि छुट्याइएको पद संख्या × ५५/१०० | खुल्ला पदको लागि छुट्याइएको पद संख्या×४५/१०० |

(ख) खण्ड (क) बमोजिम कुनै पद वा पदहरूका सम्बन्धमा सूत्र प्रयोग गर्दा भागफल दशमलवमा आएमा ५५ प्रतिशत र ४५ प्रतिशत मध्ये जुनमा बढी आउँछ, त्यसैका लागि प्रतिशत निर्धारण गर्ने । दशमलव पछि दुवै समूहमा बराबर अंक आएमा पहिले ५५ प्रतिशत खुलालाई प्राथमिकता दिने । यसरी पदसंख्या प्रतिशत निर्धारण गर्दा देहाय बमोजिम पदसंख्या कायम हुने छ :

| खुला प्रतियोगिताका प्रतिशत निर्धारण पछि कायम भएको पद संख्या | ५५ प्रतिशत खुला प्रतियोगिताद्वारा पदपुर्तिका लागि | | ४५ प्रतिशत तोकिएका समूहहरुका बीच खुला प्रतियोगिताद्वारा पदपुर्तिका लागि | |
|---|---|---|---|---|
| | सुत्रको प्रयोग | पदसंख्या | सुत्रको प्रयोग | पदसंख्या |
| 1 | 1×55/100 = 0.55 | 1 | 1×45/100 = 0.45 | 0 |
| 2 | 2×55/100 = 1.10 | 1 | 2×45/100 = 0.90 | 1 |
| 3 | 3×55/100 = 1.65 | 2 | 3×45/100 = 1.35 | 1 |
| 4 | 4×55/100 = 2.20 | 2 | 4×45/100 = 1.80 | 2 |
| 5 | 5×55/100 = 2.75 | 3 | 5×45/100 = 2.25 | 2 |
| 6 | 6×55/100 = 3.30 | 3 | 6×45/100 = 2.70 | 3 |
| 7 | 7×55/100 = 3.85 | 4 | 7×45/100 = 3.15 | 3 |
| 8 | 8×55/100 = 4.40 | 4 | 8×45/100 = 3.60 | 4 |
| 9 | 9×55/100 = 4.95 | 5 | 9×45/100 = 4.05 | 4 |
| 10 | 10×55/100 = 5.50 | 6 | 10×45/100 = 4.50 | 4 |
| 11 | 11×55/100 = 6.05 | 6 | 11×45/100 = 4.95 | 5 |
| 12 | 12×55/100 = 6.60 | 7 | 12×45/100 = 5.40 | 5 |
| 13 | 13×55/100 = 7.15 | 7 | 13×45/100 = 5.85 | 6 |

(ग) खण्ड (ख) अनुसार ऐनद्वारा तोकिएको ४५ प्रतिशत खुला प्रतिस्पर्धाका लागि छुट्याइएको पदलाई शतप्रतिशत मानी ती पदमध्ये नगर प्रहरी (व्यवस्थापन) ऐन, २०८० को दफा ४ को उपदफा (२) अनुसार ४५ प्रतिशतबाट (महिला, दलित, थारु, आर्थिक रूपमा विपन्न खस आर्य, आदिवासी/जनजाति, पिछडिएको क्षेत्र, मधेसी र मुस्लिम) उम्मेदवार बीच मात्र प्रतिस्पर्धाका लागि पदसंख्या (प्रतिशत) निर्धारण गर्ने सूत्र र सो अनुसार प्रतिशत निर्धारण गर्दा कायम हुन आउने पदसंख्या देहाय बमोजिम हुने छः

**<u>प्रतिशत निर्धारण गर्ने सूत्रः</u>**

| सि.नं. | नगर प्रहरी (व्यवस्थापन ऐन, २०८० को दफा ४ को उपदफा (२) मा उल्लेखित समूह | पद संख्या छुट्याउने सुत्र |
|---|---|---|
| १ | महिला (३३ प्रतिशत) | पदसंख्या/१००×३३ |
| २ | दलित (१४ प्रतिशत) | पदसंख्या/१००×१४ |
| ३ | थारु (१३प्रतिशत) | पदसंख्या/१००×१३ |
| ४ | आर्थिक रुपले विपन्न खस आर्य (११ प्रतिशत) | पदसंख्या/१००×११ |
| ५ | आदिबासी/जनजाति (११ प्रतिशत) | पदसंख्या/१००×११ |
| ६ | पिछडिएको क्षेत्र (११ प्रतिशत) | पदसंख्या/१००×११ |
| ७ | मधेशी (४ प्रतिशत) | पदसंख्या/१००×४ |
| ८ | मुस्लिम (३ प्रतिशत) | पदसंख्या/१००×३ |

(घ) खण्ड (ग) बमोजिम कुनै पदको सम्बन्धमा सुत्र प्रयोग गर्दा भागफल दशमलबमा आएमा पहिला महिला, दलित, थारु, आर्थिक रुपले विपन्न खस आर्य, आदिबासी/जनजाति, पिछडिएको क्षेत्र, मधेशी र मुस्लिम जुनमा बढी आउछ त्यसैका लागि प्रतिशत निर्धारण गर्ने । दशमलब पछि महिला, दलित, थारु, आर्थिक रुपले विपन्न खस आर्य, आदिबासी/जनजाति, पिछडिएको क्षेत्र, मधेशी र मुस्लिमको बराबर अंक आएमा महिलालाई प्राथमिकता दिने । दलित, थारु, आर्थिक रुपले विपन्न खस आर्य, आदिबासी जनजाति, पिछडिएको क्षेत्र, मधेशी र मुस्लिमको बराबर अंक आएमा दलितलाई प्राथमिकता दिने। थारु, आर्थिक रुपले विपन्न खस आर्य, आदिबासी/जनजाति, पिछडिएको क्षेत्र, मधेशी र मुस्लिमको बराबर अंक आएमा थारुलाई प्राथमिकता दिने । आर्थिक रुपले विपन्न खस आर्य,

आदिबासी/जनजाति, पिछडिएको क्षेत्र, मधेशी र मुस्लिमको बराबर अंक आएमा आर्थिक रुपले विपन्न खस आयलाई प्राथमिकता दिने । आदिबासी/जनजाति, पिछडिएको क्षेत्र, मधेशी र मुस्लिमको बराबर अंक आएमा आदिबासी जनजातिलाई प्राथमिकता दिने । पिछडिएको क्षेत्र, मधेशी र मुस्लिमको बराबर अंक आएमा पिछडिएको क्षेत्रलाई प्राथमिकता दिने । मधेशी र मुस्लिमको बराबर अंक आएमा मधेशीलाई प्राथमिकता दिने । यसरी पदसंख्या प्रतिशत निर्धारण गर्दा देहाय बमोजिम पदसंख्या कायम हुनेछः

| खुला पद मध्ये ४५% बाट हुन आउने पदहरु | महिला | | दलित | | थारु | | आर्थिक रुपले विपन्न खस आय | | आदिबासी/जनजाति | | पिछडिएको क्षेत्र | | मधेशी | | मुस्लिम | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ३३ प्रतिशतले हुन आउने भार अंक | पद संख्या | १४ प्रतिशतले हुन आउने भार अंक | पद संख्या | १३ प्रतिशतले हुन आउने भार अंक | पद संख्या | ११ प्रतिशतले हुन आउने भार अंक | पद संख्या | ११ प्रतिशतले हुन आउने भार अंक | पद संख्या | ११ प्रतिशतले हुन आउने भार अंक | पद संख्या | ४ प्रतिशतले हुन आउने भार अंक | पद संख्या | ३ प्रतिशतले हुन आउने भार अंक | पद संख्या |
| १ | ०.३३ | १ | ०.१४ | | ०.१३ | | ०.११ | | ०.११ | | ०.११ | | ०.०४ | | ०.०३ | |
| २ | ०.६६ | १ | ०.२८ | १ | ०.२६ | | ०.२२ | | ०.२२ | | ०.२२ | | ०.०८ | | ०.०६ | |
| ३ | ०.९९ | १ | ०.४२ | १ | ०.३९ | १ | ०.३३ | | ०.३३ | | ०.३३ | | ०.१२ | | ०.०९ | |
| ४ | १.३२ | १ | ०.५६ | १ | ०.५२ | १ | ०.४४ | १ | ०.४४ | | ०.४४ | | ०.१६ | | ०.१२ | |
| ५ | १.६५ | २ | ०.७० | १ | ०.६५ | १ | ०.५५ | १ | ०.५५ | | ०.५५ | | ०.२० | | ०.१५ | |
| ६ | १.९८ | २ | ०.८४ | १ | ०.७८ | १ | ०.६६ | १ | ०.६६ | १ | ०.६६ | | ०.२४ | | ०.१८ | |
| ७ | २.३१ | २ | ०.९८ | १ | ०.९१ | १ | ०.७७ | १ | ०.७७ | १ | ०.७७ | १ | ०.२८ | | ०.२१ | |
| ८ | २.६४ | ३ | १.१२ | १ | १.०४ | १ | ०.८८ | १ | ०.८८ | १ | ०.८८ | १ | ०.३२ | | ०.२४ | |
| ९ | २.९७ | ३ | १.२६ | १ | १.१७ | १ | ०.९९ | १ | ०.९९ | १ | ०.९९ | १ | ०.३६ | १ | ०.२७ | |
| १० | ३.३० | ३ | १.४० | १ | १.३० | १ | १.१० | १ | १.१० | १ | १.१० | १ | ०.४० | १ | ०.३० | १ |

अनुसूची–३

(दफा ७ को सँग सम्बन्धीत)

भजनी नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

भजनी, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

**सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना**

**( सूचना प्रकाशित मिति / / )**

यस भजनी नगरपालिका नगर कार्यपालिकाको मिति // गतेको बैठकको निर्णयानुसार, यस कार्यालयको लागि देहाय बमोजिमका पदमा सेवा करारमा राख्नुपर्ने भएकोले तपसिल बोमोजिम न्युनतम आवश्यक योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आफ्नो विवरण सहित यस कार्यालयको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक भजनीको खाता नं. ४१५०१००३०१०१००२ मा तोकिएको शुल्क तिरेको सक्कलै भौचर/रसिद सहित तोकिएको ढाँचामा यस नगरपालिकाको कार्यालयमा दरखास्त पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ ।

**<u>आवश्यक माग पद संख्या :</u>**

| क्र.सं. | विज्ञापन नं. | पद | खुला | समावेसी समूह | | | | जम्मा माग पद संख्या |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| १ | | नगर प्रहरी सहायक निरीक्षक | | | | | | |
| २ | | नगर प्रहरी हवल्दार | | | | | | |
| ३ | | नगर प्रहरी जवान | | | | | | |

**दरखास्त दर्ता:** अन्तिम मिति /.../..../ कार्यालय समय भित्र

**दरखास्त बुझाउने स्थान** :- भजनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय, भजनी कैलाली।

**दरखास्त दस्तुर** :- नगर प्रहरी सहायक निरीक्षक पदको दरखास्त दस्तुर बापत रु ५००/- बुझाउनु पर्नेछ, नगर प्रहरी हवल्दार पदको लागि दरखास्त दस्तुर बापत रु ३००/- बुझाउनु पर्नेछ र नगर प्रहरी जवान पदको लागि दरखास्त दस्तुर बापत रु १५०/- बुझाउनुपर्ने छ। एक भन्दा बढी समुहमा दरखास्त दिने उम्मेदवारको हकमा प्रत्येक समुहको लागि २० प्रतिशतका दरले थप दस्तुर लाग्ने छ।

**न्यूनतम योग्यता :-**

क . नगर प्रहरी सहायक निरीक्षक

१. दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।
२. मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रवेशिका परीक्षा वा सो सरह उत्तीर्ण गरेको।
३. सुरक्षा निकायमा कम्तिमा ५ वर्ष सेवा गरी सुरक्षा निकायको कम्तिमा हवल्दार सरहको पदबाट सेवा निवृत भएको।
४. नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको।
५. कुनै राजनीतिक दलको सदस्य नरहेको।
६. महिलाको लागी घटीमा ५ फिट र पुरुषको लागी घटीमा ५ फिट २ इन्च उचाई भएको।
७. पुरुषको हकमा छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको।
८. महिलाको हकमा कम्तिमा ४५ किलो र पुरुषको हकमा ५० किलो तौल भएको।
९. आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको र शरीरमा कुनै अंगभंग नभएको हुनुपर्ने।
१०. स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाण पत्र पाएको।
११. भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य हुने गरि कुनै सेवाबाट बर्खास्त नभएको।

**ख. हवल्दारको लागि**

१. दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।
२. मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा १० कक्षा वा सो सरह उत्तीर्ण गरेको।
३. सुरक्षा निकायमा कम्तिमा ५ वर्ष अनिवार्य सेवा गरेको।
४. नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको।
५. कुनै राजनीतिक दलको सदस्य नरहेको।
६. नगर प्रहरी सहायक निरीक्षक पदको लागि तोकिए बमोजिम क्र.सं. ६ देखि ११ सम्मका योग्यताहरु पुरा भएको।

**ग .नगर प्रहरी जवानको लागि**

१. दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई २५ वर्ष ननाघेको।
२. मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा ८ कक्षा उत्तीर्ण गरेको।
३. नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको।
४. कुनै राजनीतिक दलको सदस्य नरहेको।
५. नगर प्रहरी सहायक निरीक्षक पदको लागि तोकिए बमोजिम क्र.सं. ६ देखि ११ सम्मका योग्यताहरु पुरा भएको।

**आवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरु :-**

क) नेपाली नागरिकताको प्रामाणित प्रतिलिपि
ख) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
ग) चारित्रिक प्रमाणपत्र
घ) ..... प्रति पासपोर्ट आकारको फोटो
ङ) निरोगिताको प्रमाण पत्रको प्रतिलिपि
च) तालिम तथा अनुभव सम्बन्धी प्रमाणपत्रहरु भए सोको प्रमाणित प्रतिलिपि।
छ) सुरक्षा निकायमा सेवा गरेको प्रमाण खुल्ने कागज वा सेवा निबृत वा अवकास खुल्ने प्रमाण पत्रको प्रतिलिपि
ज ) आर्थिक रुपले बिपन्न खस आर्यको हकमा:- प्रचलित कानुन बमोजिम गरिब परिचय पत्र प्राप्त गरेको भए सो परिचयपत्र वा आर्थिक रुपले बिपन्न खस आर्य भएको कुरा पुष्टि हुने कागज वा सम्बन्धीत वडाको कार्यालयले आर्थिक रुपले बिपन्न खस आर्य भित्र पर्ने समुदायको व्यक्ति वा परिवार वा व्यक्ति हो भनि प्रमाणित गरिदिएको कागजात ।

झ) दलितका हकमा :- राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धीत स्थानीय तह / निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित भएको कागज ।

ञ) थारुका हकमा :- राष्ट्रिय थारु आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा तर राष्ट्रिय थारु आयोगबाट सूचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धीत स्थानीय तह / निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित भएको कागज ।

ट) आदिवासी जनजातिको हकमा :- नेपाल आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा तर नेपाल आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धीत स्थानीय तह / निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित भएको कागज ।

ठ) मधेसीको हकमा :- नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोके बमोजिमका संस्थाबाट मधेसी भनि प्रामाणित भएको तर आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा तर नेपाल आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धीत स्थानीय तह/निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित भएको कागज ।

ड) पिछडिएको क्षेत्रका लागि :- अछाम, कालिकोट, जाजरकोट, जुम्ला, हुम्ला, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोबास गरि सम्बन्धीत जिल्लाबाट नै नागरिकको प्रमाण पत्र प्राप्त गरेको तथा सम्बन्धीत गाउँपालिका वा नगरपालिकाबाट दरखास्त पेश गर्दाको बखतसम्म सोही स्थानमा स्थायी बसोबास भएको भनि प्रमाणित गरेको कागजात दरखास्त फाराम भर्ने दिन भन्दा ३ महिना अगाडि सम्मको सिफारिस हुनुपर्ने। स्थायी बसोबास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा नागरिकता जारी भएको जिल्ला प्रशासन कार्यालयबाट सो गर्नु परेको कारण उल्लेख भएको पत्र।

<u>करार अवधि</u> :- कार्यपालिकाको निर्णय अनुसार हुने छ।
**<u>परीक्षाको किसिम:-</u>** प्रारम्भिक स्वास्थ्य परीक्षण, शारीरिक तन्दुरुस्ती, विस्तृत स्वास्थ्य परीक्षण, लिखित परीक्षा र अन्तर्वार्ता।
५) परीक्षा मिति :- पछि तोकिने।
६) सेवा सुविधा :- बिभिन्न पद तथा तहमा रहने नगर प्रहरीको तलव, भत्ता र सेवाका शर्तहरु नगरपालिकामा समान तहमा कार्यरत कर्मचारीको सरह हुनेछ। नगर प्रहरीलाई कार्यपालिकाको निर्णय अनुसार थप सेवा सुबिधा प्रदान गर्न सकिनेछ ।

**पुनश्च :-**
पेश गरिने सबै प्रतिलिपि कागजातको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरि प्रमाणित गरेको हुनुपर्ने छ।
तोकिएको म्याद भित्र दाखिला नभएका वा शर्त पुरा नभएका वा दरखास्त दस्तुर नबुझाएका दरखास्त जुनसुकै समयमा रद्ध गर्न सकिने छ।
तोकिएको शर्त पुरा नभई दरखास्त स्वीकृत नभएमा दरखास्त दस्तुर फिर्ता हुने छैन।
हरेक चरणको परिक्षा समाप्ति पश्चात नतिजा प्रकाशन गरिनेछ र उतीर्ण उम्मेदवारलाई मात्र अर्को चरणको परीक्षामा सहभागी गरईनेछ।

**नोट : आवेदनको ढाँचा, भजनी नगरपालिकाको Website: www.bhajanimun.gov.np मा गई Download गर्न सकिनेछ।**

अनुसूची -४
(दफा ८ सँग सम्बन्धीत)
भजनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, भजनी
सुदूरपश्चिम प्रदेश, नेपाल

**नगर प्रहरी कर्मचारीको लागि दरखास्त फाराम**

हालसालै खिचेको पासपोर्ट साइजको पुरै मुखाकृति देखिने फोटो टास्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले दस्तखत

विज्ञापन भएको मिति :
विज्ञापन नम्बर :
उम्मेदवारी दिएको पद नाम :

**वैयक्तिक विवरण**

**नाम, थर**

नेपालीमा :
अंग्रेजीमा :
जन्म मिति : (वि.सं.मा)
हालको उमेर : वर्ष महिना लिङ्ग :

बाबुको नाम :
बाजेको नाम :
हालको पेशा :

**वतन**

स्थायी ठेगाना : जिल्ला: गा.पा./ न.पा.: वडा नं. टोल
पत्राचार गर्ने ठेगाना : सम्पर्क नं. मोबाईल ईमेल

**नागरिकता सम्बन्धी विवरण :**

नागरिकता नं: जारी गर्ने जिल्ला: जारी मिति:

**शैक्षिक योग्यता/ दक्षता वा तालिम**

| योग्यता | शिक्षण संस्था /तालिम दिने सस्था | शैक्षिक उपाधि /तालिम | संकाय | श्रेणी/प्रतिशत/सि.जि.पि.ए | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**अनुभव सम्बन्धी विवरण**

| काम गरेको निकाय/ कार्यालय/संस्था | काम गरेको पद | सेवा | काम गरेको अवधि | | छोड्नुपर्ने कारण |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| | | | | | |
| | | | | | |

**शारीरिक अवस्था (स्वघोषणा ):**

१. म नगर प्रहरी कर्मचारीमा नयाँ नियुक्त हुनको लागि मेरो शारीरिक अवस्था पूर्ण रुपमा स्वस्थ छ।
२. मैले कुनै दीर्घकालीन रोग बापत कुनै किसिमको लामो अबधि सम्मको औषधी सेवन गर्ने गरेको छैन ।
३. मलाई कुनै किसिमको मुटु ,कलेजो, मृगौला सम्वन्धी रोग लागेको अथवा सो सम्बन्धी शल्यक्रिया गरेको छैन।
४. मैले कुनै किसिमको औषधीजन्य (लागु औषध) पदार्थ सेवन गर्ने गरेको छैन ।

५. मेरो आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर भएको छैन शरीरमा कुनै अंग भंग भएको छैन ।

६. मेरो मानसिक अवस्था ठिक छ। म नगर प्रहरी कर्मचारी हुन् योग्य छु। जस्तोसुकै अवस्थामा पनि सन्तुलित रहेर काम गर्न सक्छु ।

**अन्य घोषणा :**

१. म कुनै पनि राजनीतिक दलको सदस्य रहेको छैन तथा सो बापत कुनै पद धारण गरको छैन।

२. हाल सम्म म कुनैपनि राष्ट्रिय अथवा म कुनै अन्तराष्ट्रिय राजनीतिक दलको सदस्य रहेको छैन तथा सो बापत कुनै पद धारण गरको छैन।

३. मैले कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएको छैन र त्यस बापत कुनै सजाय पाएको अथवा खोजीको सुचिमा रहेको छैन।

४. मैले कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएको छैन र त्यस बापत कुनै सजाय पाएको अथवा खोजीको सुचिमा रहेको छैन।

५. मैले कुनै पनि मानव अधिकार र मानवीय कानुनको उल्लंघनमा सजाय पाउने कार्य गरेको छैन।

६. मैले देशको कुनै भागमा र विदेशमा समेत कुनै अपराध गरको छैन र खोजी अथवा फरारको सूचीमा रहेको छैन।

७. म भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य हुने गरी कुनै सेवाबाट बर्खास्त भएको छैन।

८. मेरो चरित्र राम्रो छ ।

९. मेरो नागरिकता लगायत शैक्षिक योग्यता तथा चारित्रिक प्रमाणपत्र र अन्य अनुभवका साथै निरोगिताको प्रमाण पत्रका प्रतिलिपिहरु आफैले प्रमाणित गरी यसैसाथ निम्न अनुसार क्रमबद्ध रुपमा राखेको छु।

(क) (ख ) (ग) (घ )

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन्। जानी बुझी कुनै कुरा ढाटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु। उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर गर्दछु। साथै करारमा उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना गर्नेछु र करार को समय भन्दा अगावै करारको अन्त्य गर्दा कम्तिमा १ महिनाको पूर्वसूचना दिई कार्यालयमा निवेदन दिनेछु।

| | | |
|---|---|---|
| उम्मेदवारको ल्याप्चे सहिछाप | | उम्मेदवारको दस्तखत |
| दायाँ | बायाँ | |
| | | मिति : |
| कार्यालयले भर्ने : | | |
| रसिद/भौचर नं: | रोल नं: | |
| दरखास्त अस्वीकृत भए सो को कारण : | | |
| दरखास्त रुजु गर्नेको नाम र दस्तखत :<br>मिति : | दस्तखत स्विकृत/अस्वीकृत गर्नेको दस्तखत<br>मिति: | |

भजनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,भजनी
सुदूरपश्चिम प्रदेश, नेपाल

परीक्षा प्रवेश-पत्र

(नगर प्रहरी ................................ पदको खुल्ला प्रतियोगितात्मक परीक्षाको लागि)

क) विज्ञापन मितिः-

ख) विज्ञापन नम्बरः-

ग) दर्ता नम्बरः-

घ) नाम, थरः-

ङ) उमेरः-

च) श्रेणी/तहः-

छ) उम्मेदवारको दस्तखतको नमूनाः-

हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो टास्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले दस्तखत

भजनी नगरपालिकाको नगर प्रहरी व्यवस्थापन ऐन २०८० को दफा ४ को उपदफा (२) अनुसारको कुन कुन समूहमा दरखास्त फाराम बुझाएको हो तल उल्लेख गर्नुहोस ।
खुल्ला :
महिला:
दलित :
थारु :
आर्थिक रुपले विपन्न खस आर्य :
आदिबासी जनजाती :
पिछडिएको क्षेत्र :
मधेसी:
मुस्लिम :

भर्ना छनौट शाखाका सम्बन्धीत कर्मचारीले भर्नेः-
यस कार्यालयबाट लिईने उक्त पदको परीक्षामा तपाईलाई निम्न केन्द्रबाट सम्मिलित हुन अनुमति दिइएको छ। विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्द हुनसक्नेछ ।
परीक्षा केन्द्रः-

अधिकृतको दस्तखत

उम्मेदवारले पालना गर्नुपर्ने नियमहरूः
१. उम्मेदवारले परीक्षा हलमा परीक्षा दिन आउँदा अनिवार्य रुपमा प्रवेशपत्र ल्याउनुपर्नेछ । प्रवेश पत्र विना परीक्षामा बस्न दिईने छैन ।
२. परीक्षा हलभित्र मोबाईल फोन तथा क्याल्कुलेटरको प्रयोग निषेध गरिएको
३ लिखित परीक्षाको नतिजा प्रकाशित भएपछि अन्तर्वार्ता हुने दिनमा पनि प्रवेश पत्र ल्याउनुपर्नेछ ।
४. परीक्षा सुरु हुने १५ मिनेट अगाडी घण्टीद्वारा सूचना गरेपछि हलमा प्रवेश गर्न दिईने छ । वस्तुगत परीक्षा सुरु भएको १५ मिनेटपछि र विषयगत परीक्षा सुरु भएको आधा घण्टापछि आउने तथा विषयगत परीक्षासँगै हुनेमा २० मिनेटपछि आउने उम्मेदवारले परीक्षामा बस्न पाउने छैन ।
५. परीक्षा हलमा किताब, कापी कागज, चिट आदी ल्याउनु लैजानु हुँदैन । उम्मेदवारले आपसमा कुराकानी र संकेत गर्नु हुदैन ।
६. परीक्षा हलमा परीक्षाको मर्यादा विपरित उम्मेदवारले कुनै पनि काम गरेमा परीक्षा हलबाट निष्काशन गरिनेछ । त्यसरी निष्काशन गरेको उम्मेदवारको सो दिनको परीक्षा स्वतः रद्द भएको मानिनेछ ।
७. विरामी भएको उम्मेदवारले परीक्षा हलमा प्रवेश गरी परीक्षा दिने क्रममा निजलाई केही भएमा भजनी नगरपालिका जवाफदेही हुनेछैन ।
८ उम्मेदवारले आफूले परीक्षा दिएको दिनमा आफ्नो हाजिरी गर्न छुट भएको भए तुरुन्त खबर गरी सोहि दिन हाजिर गर्नुपर्नेछ । अर्को दिन हाजिर गर्न पाउने छैन।
९. प्रवेश पत्र हराएमा तोकिएको दस्तुर तिरी अर्को प्रवेश पत्र लिनुपर्नेछ ।

अनुसूची -५
(दफा १७ को उपदफा (२) सँग सम्बन्धीत)
भजनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, भजनी
सुदूरपश्चिम प्रदेश, नेपाल

च.न.
प.सं. मितिः ...........

श्री...............................................
ठेगाना........................................

विषय : करार सम्बन्धमा।

तपाईलाई मिति २०........./......../....... निर्णयानुसार सूचीकरण/सिफारिस गरिए बमोजिम....................(पदको नाम वा काम) का लागि यसैसाथ संलग्न करार (सम्झौता) बमोजिम मिति २०........../......./....... देखि २०......../......./........ सम्म करारमा राखिएको हुदा संलग्न कार्यशर्त अनुरुप आफ्नो काम इमान्दारीपूर्वक र व्यवसायिक मूल्य मान्यता अनुरुप गर्नुहुन जानकारी गराइन्छ।

साथै आफ्नो काम कर्तव्य पालना गर्दा यस नगरपालिकाको कर्मचारीले पालना गर्नुपर्ने आचार संहिता र आचरणको समेत परिपालना हुन जानकारी गराइन्छ।

...............................................
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ:

श्री आर्थिक प्रशासन शाखा : प्रमाणित हाजिर/Time Sheet सहितको प्रतिवेदनका आधारमा सम्झौता बमोजिमको रकम मासिक रुपमा उपलब्ध गराउनु हुन।

श्री प्रशासन शाखा : हाजिरीको व्यवस्था हुन।

श्री वडा कार्यालय,...............................
नगर कार्यापालिकाको कार्यालय।

अनुसूची -६
(दफा १८ को उपदफा (३) सँग सम्बन्धीत)
भजनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, भजनी
सुदूरपश्चिम प्रदेश, नेपाल

**कार्य विवरणको नमुना**

कर्मचारीको नाम :
कर्मचारीको पद नाम:
काम गर्नुपर्ने स्थान:
कार्य बिवरण :
(१)
(२)
(३)
(४)

कर्मचारीको दस्तखत : प्रमाणित गर्ने अधिकारीको दस्तखत :

*आज्ञाले,*
भोज राज भट्ट
प्रमुख प्रशासकीय अधिकृत